नेपाल सरकार
अर्थ मन्त्रालय

# भन्सार विभाग

(भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा)

श्रीमान् सचिवज्यूको सचिवालय
दर्ता नं.:
दर्ता मिति:

त्रिपुरेश्वर, काठमाडौं, नेपाल

प.सं.:- २०८२।८३
च.नं.:- ७६

मिति: २०८२/०९/०३

श्री मधुसुदन बुर्लाकोटी,
सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार, काठमाडौं।

**विषयः** <u>भन्सार स्मारिका २०८२ का लागि लेख रचना उपलब्ध गराईदिनुहुन।</u>

भन्सार विभागले मिति २०८२/१०/१२ गते, तदनुसार सन् २०२६ जनवरी २६ का दिन विश्व भन्सार संगठनले तय गरेको "**Customs protecting society through vigilance and commitment**" भन्ने नाराका साथ ७४ औं अन्तर्राष्ट्रिय भन्सार दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाउन लागेको व्यहोरा जानकारी गराउन चाहन्छु। यस अवसरमा विगतका वर्षहरू झैं यस वर्ष पनि भन्सार स्मारिका प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

अतः भन्सार प्रशासनलाई अझ बढी सेवाग्राहीमुखी, पारदर्शी र आधुनिक प्रशासनमा रूपान्तरण गर्न मार्गदर्शन एवम् उत्प्रेरित गर्ने यहाँको विद्वता, अनुभव एवम् ज्ञानबाट निसृत विचार समेटी **अन्तर्राष्ट्रिय व्यापार, राजस्व व्यवस्थापन, कर प्रणाली, अनधिकृत व्यापार नियन्त्रण, सम्पत्ति शुद्धीकरण निवारण, व्यापार सहजीकरण, भन्सार सुधार तथा आधुनिकीकरण, अनुपालन तथा नियन्त्रण** वा यस्तै भन्सार प्रशासनसँग सम्बन्धित कुनै एक विषयमा लेख रचना तयार गरी उपलब्ध गराई दिनुहुन सादर अनुरोध गर्दछु।

<u>लेख रचना तयार गरी पठाउने सम्बन्धी थप जानकारी यस प्रकार छः</u>

(क) लेख रचना **नेपाली** वा **अङ्ग्रेजी** कुनै एक भाषामा तयार गर्न सकिनेछ।
   a. नेपाली भाषामा लेख•रचना भए युनिकोड Kalimati Font, Font Size: 12 मा तयार गर्नुपर्नेछ, वा
   b. अङ्ग्रेजी भाषामा भए Arial वा Times New Roman फन्टमा Font Size: 12 मा तयार गर्नुपर्नेछ।

(ख) लेख रचनामा सन्दर्भ सामग्री अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

(ग) लेख रचना यस पूर्व कहीं कतै प्रकाशन नभएको हुनुपर्नेछ।

(घ) लेख रचना सामान्यतया २५०० देखि ३००० शब्दसम्मको हुनुपर्नेछ।

(ङ) सम्पादन एवं प्रकाशनमा सहजताका लागि लेख रचनाको Soft Copy पौष २५ गते (९ जनवरी २०२६) भित्र देहायको सम्पर्क व्यक्तिले पाउने गरी पठाउनु पर्नेछ।

(च) लेख रचना पठाउने सम्बन्धी अन्य कुनै जानकारी आवश्यक भएमा सम्पर्क व्यक्ति मार्फत बुझ्न सकिनेछ।

(छ) भन्सार स्मारिकामा प्रकाशित लेख रचनाका लेखकलाई पारिश्रमिकको व्यवस्था गरिएको छ। तसर्थ, लेख रचना पठाउँदा इमेलमा आफ्नो मोबाइल नम्बर, प्यान नम्बर तथा बैङ्क खाता नम्बर उल्लेख भएको चेकको फोटो समेत अनिवार्य रूपमा पठाउनु पर्नेछ।

(ज) माथि उल्लेख भएको विवरण भन्दा फरक रूपमा प्राप्त लेख रचनाहरुलाई स्थान दिइने छैन।

(झ) एउटै विषयमा एकभन्दा बढी लेख प्राप्त भएमा सम्पादक मण्डलले छनोट गरेको लेखलाई स्थान दिइनेछ।

(ञ) प्राप्त भएका लेख रचनाहरूको मूल्याङ्कन गर्ने अधिकार सम्पादन समूहमा सुरक्षित रहनेछ।

**सम्पर्क व्यक्तिः**
रमेश सुकमनी, शाखा अधिकृत, भन्सार विभाग
मोबाइल नं. ९८५११९२०९८
इमेल: crm@customs.gov.np

.....................
श्याम प्रसाद भण्डारी
**महानिर्देशक**

**टेलिफोन नं.: ९७७-१-५९१७२१५, ५९१७२१७, ५९१७२२५, ५९१७२२६, ५९१७२२७ टोल फ्रि नं.: १६६००१२१२२३**
**इमेल :** *prasasan.customs@gmail.com, prasasan@customs.gov.np* **वेबसाइट :** *www.customs.gov.np*